संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी खबर

राष्ट्रिय दैनिक

माझखर्क साप्ताहिकको सह-प्रकाशन



■ बर्ष-१७, ▶▶ अंक १४ भदौ ३१ गते बिहिबार,२०७८, September–16 Thursday 2021 ,यलेदुङ किरात सम्वत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. १०/- www.majhkharka.com

# नेकपा एमाले बिभाजन गर्नुको कारण देखाऊः नेम्वाङ

बुद्धि कुमार राई
उदयपुर, भदौ ३०

संविधान सभाका अध्यक्ष तथा नेकपा एमाले स्थायी कमिटी सदस्य सुबास चन्द्र नेम्वाङले नेकपा एमालेलाई बिभाजन गर्ने नेता कार्यकर्ताहरुलाई कारण देखाउन चुनौती दिएका छन् ।

बुधबार उदयपुर जिल्लाको सदरमुकाम गाईघाटमा आयोजित जिल्ला स्तरिय अगुवा कार्यकर्ता भेलालाई सम्बोधन गर्दै नेम्वाङले - *बाँकी ३ पेजमा*



बुधबार उदयपुर जिल्लाको सदरमुकाम गाईघाटमा आयोजित जिल्ला स्तरीय अगुवा कार्यकर्ता भेलालाई सम्बोधन गर्दै नेकपा एमाले नेता सुबास चन्द्र नेम्वाङ । तस्बिर - बुद्धि कुमार राई ।

# उदयपुरका नेता कार्यकताले सरकारी गाडी दुरुपयोग गरे

मुलुकी संवाददाता
गाईघाट, भदौ ३०

उदयपुरका जिल्लाका स्थानीयतहका जनप्रतिनिधिहरुले सरकारी सवारी साधनको चरमरुपमा दुरुपयोग गरेको पाइएको छ ।

अहिले नेपाली काङ्ग्रेसको १४ औ महाधिबेशन चलिरहेको हुँदा नेपाली काङ्ग्रेसबाट निर्बाचित उदयपुरका ८ वटै स्थानीयतहका जनप्रतिनिधिले आफ्नो ब्याक्तिगत काम तथा पार्टी काममा सरकारी सवारी साधनको दुरुपयोग गरेका छन्। नेकपा एमाले उदयपुरले पनि बुधबार गाईघाटमा आयोजित जिल्लास्तरीय अगुवा कार्यकर्ता भेलामा नगरपालिका, गाउँपालिका र वडाका सरकारी सवारी साधन प्रयोग गरेर चरम दुरुपयोग गरेका छन् । सरकारी सवारी साधन दुरुपयोग गर्ने जनप्रतिनिधीहरुले कुनै असहज महसुस नगरी पार्टीको झण्डा फहराएर सरकारी गाडीको दुरुपयोग गरेको पाइएको हो ।

पार्टीको काम तथा ब्यक्तिगत काममा सरकारी सवारी साधन दुरुपयोग गर्ने नेता तथा कार्यकर्ता र सरकारी गाडीको तथ्याङक राख्ने काम मुलुकीले गरिरहेको छ । पाटीको काममा सरकारी सवारी साधन दुरुपयोग गर्ने नेता तथा कार्यकर्ता र सरकारी सवारी साधनको अभिलेख राखि सार्बजनिक गरिने तयारी भईरहेको छ ।



मुलुकी दैनिक पत्रिकाको भदौ महिनाको मासिक शुल्क रु २०० दुई सय बितरकलाई पठाईदिन हुन जरुरी सुचना । थप जानाकारीको लागि ९८४२९८५१८८



# उदयपुरमा बाल दिवसमा जतातत्तै कार्यक्रम




बुधबार उदयपुर जिल्लाको सदरमुकाम गाईघाटमा आयोजित ५८ औ बालदिबसको अबसरमा सरोकारवाला निकायहरुसँगको अर्न्तक्रिया कार्यक्रमा सहभागी बाँयाबाट क्रमश जिल्ला प्रहरी कार्यालय उदयपुरका प्रमुख प्रहरी उपरिक्षक एसपि सुबास चन्द्र बोहरा, त्रियुगा नगरपालिका उपप्रमुख उपमेयर देबी कुमारी चौधरी, बालसंस्थाका अध्यक्ष, त्रियुगा नगरपालिका वडा नम्बर १६ का अध्यक्ष मानबहादुर राई, पत्रकार सेनानी कौशल चेम्जोङ । तस्बिर - मुलुकी ।

मुलुकी संवाददाता
उदयपुर, भदौ ३०

५८ औ बालदिबसको अबसरमा उदयपुरमा बालबालिकाहरुको लागि कार्यक्रम नै कार्यक्रम आयोजना भएको छ । बुधबार उदयपुर जिल्लको सदरमुकाम गाईघाटस्थित त्रियुगा नगरपालिकाको सभाहलमा बालबालिकाहरुको सँग प्रत्यक्ष सरोकार राख्ने सरोकारवाला निकायाहरु सँग अर्न्तक्रिया आयोजना गरिएको थियो ।

उक्त अर्न्तक्रिया कार्यक्रममा जिल्ला प्रहरी कार्यालय उदयपुरका प्रमुख प्रहरी उपरिक्षक एसपि सुबास चन्द्र बोहरा, त्रियुगा नगरपालिका उपप्रमुख उपमेयर देबी कुमारी चौधरी, बालसंस्थाका अध्यक्ष, त्रियुगा नगरपालिका वडा नम्बर १६ का अध्यक्ष मानबहादुर राई, पत्रकार सेनानी कौशल चेम्जोङ र बालबालिकाहरुले प्रश्न, उत्तर, जिज्ञासाको जबाफ पाएका थिए ।

५८ औ बालदिबसको अबसरमा उदयपुरमा सप्ताहाब्यापी कार्यक्रम नै कार्यक्रम आयोजना गरिएको छ। जिल्लाभरको बिद्यालयहरुमा पनि बालदिबसको अवसरमा कार्यक्रम आयोजना गरिएको छ ।






## सम्पादकीय

# एमाले गाईघाट भेलाले अन्य दललाई दिएको झट्का

नेकपा एमाले उदयपुरले बुधबार गाईघाटमा जिल्ला स्तरीय अगुवा कार्यकर्ता भेला आयोजना सम्पन्न गर्यो । नेकपा एमाले बाट पाटी फुटेर बनेको नेकपा एकिकृत समाजबादी पाटीमा को-को कति जना कार्यकर्ता पाटी छोडेर गए भनेर देखाउन पनि एमाले उदयपुरलाई आतुर थियो । त्यसकै फलस्वरुप बुधबार गाईघाटमा आयोजना गरिएको जिल्ला स्तरीय कार्यकर्ता भेलाले प्रमाणित गरेको छ । एमाले जिल्ला स्तरीय अगुवा कार्यक्र्ता भेलाले सदरमुकाम गाईघाटस्थित मदनभण्डारी सभाहलमा मा कार्यकर्ताले खचाखच भरिएको थियो । निर्माणधिन मदनभण्डारी सभाहलमा आयोजित भेलामा कार्यकर्ता खचाखच भरिएको थियो । भेलामा उत्साहित एमाले कार्यकर्तालाई सम्बोधन गर्न संबिधान सभाका अध्यक्ष तथा एमाले स्थायी समिति सदस्य सुबास नेम्वाङ पहिलो पटक उदयपुर आएका थिए ।

गाईघाट स्थित रहेको मदनभण्डारी सभाहलमा यो कार्यक्रम दोस्रो पटक आयोजना भएको हो । यस अघि त्रियुगा नगरपालिकाले आर्थिक बर्ष २०७८/०७९ को नगरसभा असार ३१ गते आयोजना गरिएको थियो । एमाले भेलाले उदयपुरमा अन्य दललाई भेला आयोजना गर्न झट्का दिएको छ । टुटफुटको बिच पनि नेकपा एमाले उदयपुरले आयोजना गरेको जिल्ला स्तरीय कार्यकर्ताको उपस्थितीले नेपाली काङ्ग्रेस, नेकपा माओवादी लगायत अन्य दललाई उदयपुरमा यस्तै ठुला भेला आयोजना गर्न सक्ला भन्ने जिज्ञासा उठेको छ । नेपाली काङ्ग्रेस अहिले १४ औ महाधिबेशनको महासङ्ग्राममा होमिएको छ । उदयपुरमा नेपाली काङ्ग्रेस दुई पक्षमा लागि निर्बाचनमा होमिएको छ । नेकपा माओवादी पनि उदयपुरमा संगठन बिस्तारमा लागि रहेको छ । त्यस्तै संघिय समाजबादी पाटी पनि संगठन बिस्तारमै ब्यस्त छ । त्यस्तै राप्रपा नेपालले पनि पाटीको संगठन बिस्तारमै लागिरहेको छ । नेकपा एमालेबाट फुटेको नेकपा एकिकृत समाजबादी पाटी भने अहिले आन्तरिक रुपमा संगठन बिस्तारको लागि लागि परेको छ ।

अब उदयपुरमा नेकपा एमाले बाहेकका पाटीलाई यस्तै किसिमको जिल्ला स्तरीय कार्यकर्ता भेला कुन पाटीले आयोजना गर्ला भनेर जिज्ञासा जागेको छ । एमालेबाट फुटेर गएको नेकपा एकिकृत समाजबादी पाटीलाई सबैभन्दा ठूलो चुनौती उदयपुरमा बनेको छ । एमाले उदयपुरबाट कति कार्यकर्ता लान सक्यो भनेर देखाउन पनि नेकपा एकिकृत समाजबादी पाटीलाई चुनौती बनेको हो । एमाले उदयपुरले बुधबार आयोजना गरेको कार्यकर्ता भेलाले नेकपा एमाले अझै पुरानै अबस्थामा रहेको देखाउँछ । जिल्ला भरका कार्यकर्ताले बुधबार मदनभण्डारी सभाहल खचाखच भरिएको उपस्थितीले प्रमाणित गरेको छ ।

## गाईघाट बजारमा भदौ ३० गते बुधबार खुद्रा तरकारी बजार भाउ ।

| | | |
|---|---|---|
| १, | आलु | रु ४० |
| २, | अदुवा | रु १२० |
| ३, | टमाटर | रु ४० |
| ४, | बन्दा | रु ४० |
| ५, | भेन्टा | रु १०० |
| ६, | खुर्सानी | रु १६० |
| ७, | मुला | रु ६० |
| ८, | पर्बल | रु १०० |
| ९, | तितेकरेला | रु १०० |
| १०, | भिन्डी | रु ६० |
| ११, | च्याउ | रु २४० |
| १२, | काउली | रु १६० |
| १३, | फर्सी | रु ५० |
| १४, | कटहर | रु ४० |
| १५, | काँका | रु ५० |
| १६, | धनियाँ | रु १०० |
| १७, | लोकल बोडी | रु १४० |
| १८, | खर्बुजा | रु ४० |
| १९, | रायो साग | रु २०० |
| २०, | लट्टे साग | रु १२० |
| २१, | प्याज | रु ६० |
| २२, | निगुरो | रु ६० |
| २३ | दुध | रु. ७० |
| २४, | दही | रु ९० |
| २५, | मोही | रु ५० |
| २६, | घ्यु | रु ७०० |
| २७, | राँगाको मासु | रु ४०० |
| २८, | बंगुरको मासु | रु ४०० |
| २९, | खसीको मासु | रु १,००० |

# फेरी पनि उदयपुरको सिनेमा हलमा नेपाली सिनेमा हेर्न कहिले पाईएला ?



दिपेश चामलिङ राई
रौतामाई ५ तिल्केटार , उदयपुर, हाल बहराईन



उदयपुर सदरमुकाम गाईघाटस्थित २०३८ सालमा बनेको उदयपुरकै सबै भन्दा पुरानो शुभलक्ष्मी हल



उदयपुर देउरीको पुनम टाकिज सिनेमा हल ।



उदयपुर जलजलेमा रहेको सबिना सिनेमा हल ।



उदयपुर कटारीमा रहेको चन्द्राटाकिज सिनेमा हल ।

२०५४ साल तिर गाईघाटको शुभलक्ष्मी चित्रालय मन्दिरमा पहिलो पटक नेपाली सिनेमा भाउजू हेरेको याद छ । जन्मे पछि पहिलो पटक फिलिम हेर्नु पस्दा पर्दा कता हुन्छ ? त्यो थाहा थियन भित्र पुरै अधेरो थियो । हलको ढोका सम्म त दाइहरुले पुर्याइ दिनुभयो त्यसपछि क्हाँ बस्नु पर्ने थाहा भयन ।

मान्छेहरुको आवाज मात्र सुनिन्थ्यो भने त्यो आवाजको डरले भित्र बस्न नसकेर बाहिर निस्केर बसे । दाइहरु आउने बेलासम्म पर्खिरहे । दाइहरु आयपछि सङ्गै गयर फिलिम हेरेउ । गाउँमा रेडियोमा गित सुनेको बाहेक टेलिभिजन सम्म नदेखेको बालक स्कुल बाटै भागेर दाइहरुसङ्ग २ दिनको बाटो सदरमुकाम गाईघाट झरेर सिनेमा हेर्दा निकै रमाइलो लागेको थियो ।

त्यसपछि सदरमुकाम नुन तेल बोक्नु झर्दा प्राय सिनेमा हेरेरै फर्किने गरिन्थ्यो । एक शो होइन भ्याय सम्म ३ ओटै शो हेरिन्थ्यो । १२-३, ३-६ र ६-९ । पछि बाबा रानी चित्रालय मन्दिर पनि सञ्चालन भयपछि अझ हामीलाई सहज भयो । शुभलक्ष्मी हलको १२-३ को शो सकेर शिधै ३-६ को शो हेर्न श्री बाबा रानी चित्रालय मन्दिर तिर हुईकिन्थे । समयले भ्याय सम्म देउरीको पुनम टाकिज चित्रालय मन्दिर र जलजले सबिना हल सम्म चाहारेकै हो ।

यसरी जलजलेको हलमा पछिल्लो चलचित्र २०६६ सालमा ईतिहास हेरेको याद छ । उदयपुरकै सबैभन्दा पुरानो हल २०३८ सालमा बनेको गाइघाटको शुलक्ष्मी हलमा भने पछिल्लो चलचित्र २०७२ सालमा दयाहाङ राइको (कबडी)हेरेको स्मरण छ । हिजो आज कोबिड १९ को कारण ती सबै सिनेमा हलहरु बन्द रहेछ जुन कुरा केही दिन अघिको मुलुकी दैनिकले भिडियो `बाट जानकारी पाउँदा र ती बन्द हलहरु देख्दा पुराना यादहरु धेरै आयो ।

ती सिनेमा हलहरुमा सङ्गै सिनेमा हेर्न गयका साथीहरु सबैलाइ सम्झे । मानबलाई सबै कुरा चाहे जस्तै मनोरञ्जनको साधन सिनेमा हल पनि चाहिन्छ । चाँडै फेरी ति सिनेमा हलहरुमा नेपाली सिनेमा हेर्न पाईयोस ।










| | |
|---|---|
| गाईघाट-कदमाहा | ८७.४९ |
| गाईघाट-लहान | १००.९५ |
| गाईघाट-रुपनी | १५९.८६ |
| गाईघाट-राजबबीराज | १८५.०९ |
| गाईघाट-ईटहरी | ३३७.९२ |
| गाईघाट-धरान | ३७१.२० |
| गाईघाट-बीराटनगर | ३८२।७२ |
| गाईघाट-बीर्तामोड | ५३८.४८ |
| गाईघाट-काकडभीठा | ५५६.८० |
| गाईघाट-र्मीचैया | १६८.२७ |
| गाईघाट-कटारी | २५२.४० |
| गाईघाट-ढल्केवर | २६०.८३ |
| गाईघाट-जनकपुर | ३०१.३१ |
| गाईघाट-चन्द्रनीगाहपुर | ३९५.४४ |
| गाईघाट-पथलैया | ५०४.८२ |
| गाईघाट-बीरगन्ज | ५८०.१० |
| गाईघाट -हेटौडा | ५९६.९९ |
| गाईघाट -नारायणघाट | ७४०.४२ |
| गाईघाट- काठमाण्डौं | ११०३९.७ |
| गाईघाट -पोखरा | १०९०.२१ |
| गाईघाट-जलजले चुहाडे | ४४.८० |
| गाईघाट-कालीखोला | ६४.०० |
| गाईघाट-होक्से | ७६.८० |
| गाईघाट -नाम्जे | ८९.६० |
| गाईघाट-कौवाई | ११५.२० |
| गाईघाट -मुर्कुची | १२८.०० |
| गाईघाट-अधेरी | १५३.६० |
| गाईघाट -फर्से | १६६.४० |
| गाईघाट -देउराली | १७९.२० |
| गाईघाट -नेपालटार | १९२.०० |
| गाईघाट -रामपुर | ३२१.२८ |
| गाईघाट- जाँते | ७६८.०० |

## एमालले ....

नेकपा एमाले बिभाजन गर्नुको कुनै कारण नभई ब्याक्तिगत स्वार्थका कारण पाटी चोईटिएको आरोप लगाए। पाटी विभाजन भएर सानो सङ्ख्यामा नेता कार्यकर्ता गएकाले एमालेलाई कुनै क्षति नहुने नेम्वाङको ठोक्वा थियो । २५ सदस्यिय मन्त्रीमण्डलमा राजनीतिक किचलोको कारण सरकार दुई महिना सम्म पनि मन्त्रीपरिषद बिस्तार गर्न नसकेको नेम्वाङले कताक्ष गरे। पाटी बिभाजन भएर गएका नेता कार्यकर्ताहरु चाडै एमालेमा फर्कने नेम्वाङको दाबि थियो । नेम्वाङले सरकार जस्केलोबाट आएकाले जनताको काम गर्न नसक्ने भएकाले एमालेका नेता कार्यकर्ता चुनाबमुखी अभियानमा होमिन आग्रह गरे। जनताबाट निर्बाचित केपी वली सरकारलाई हटाएर अदालतबाट गठित शेर बहादुर देउवा सरकारलाई काम गर्ने कुनै अधिकार नभएको उनले बताए । सरकारले आफ्नै ढुकुटीमा भएको बजेट खर्च गर्न नपाउने परिस्थित बनाएर देशलाई बन्धक बनाएको आरोप लगाए ।

कार्यक्रममा एमाले केन्द्रिय सदस्य तथा प्रदेश नम्बर एकका पूर्व आन्तरिक मामिला मन्त्री हिक्मत कार्कीले सबै नेता कार्यकर्ताको भावनाको त्यागको कदर हुने बताए । उनले एमालेबाट चोईटिएर गएका नेकपा एकिकृत समाजबादीका नेता बलदेब चौधरीलाई कताक्ष गर्दै चौधरीमा बागीको लत बसेको आरोप लगाए ।

कार्यक्रममा उदयपुरका सहइन्चार्ज तथा पूर्व सहरी राज्य बिकास मन्त्री मञ्जु चौधरीले एमाले उदयपुर जस्ताको तस्तै रहेकोले कार्यकर्ताहरुलाई ढुक्क हुन बिश्वस्त पारे । नेकपा एमाले उदयपुरका उपाध्यक्ष तथा प्रदेश नम्बर एकका सांसद बिमल कार्कीले अब एमाले अझ सक्रिय भएर एक ढिक्का भएर अगाडी बढ्ने उदेघोष गरे।








बिक्रेता - अर्जुन तिम्सिना
सम्पर्क मो. - ९८१९३३२३३२
स्थान - गाईघाट, उदयपुर, पूर्णपुष्टि मिडिया हाउसको पुर्वपटी रहेको मन्दिर को पुलको दक्षिण ।









# असोज २ गते फिलिपिन्स संग खेल्न नेपाल तयार



उदयपुर जिल्लाको सदरमुकाम गाइघाटमा रहेको महिला फुटबल खेलाडीहरु बुधवार आफ्ना गुरु आश्विन राईसँग नियमित प्रशिक्षण लिदै थरुहट रंगशाला गाइघाट उदयपुरमा । तस्बिर - बुद्धि



असोज २ गते फिलिपिन्स बिरुद्ध खेल खेल्न ताजेकिस्तान पुगेका नेपाली महिला फुटबल टिमका सदस्य सरु लिम्बु र हिरा कुमारी भुजेललाई बिदेशी भुमि ताजेकिस्तानको खेलमैदानमा निर्देशन दिदै नेपाली महिला फुटबल टिमका प्रशिक्षक । तस्बिर - अनलाईन

बिबेक राई

उदयपुर, भदौ ३०

काठमाडौं । उज्वेकिस्तान पुगेका नेपाली राष्ट्रिय महिला फुटबल टोलीका खेलाडी र अफिसियलको कोरोना रिपोर्ट नेगेटिभ आएको छ।

एएफसी महिला एसियन कप-२०२२ छनोटका लागि उज्वेकिस्तानको ताश्केन्त पुगेका नेपाली टोलीका सबै सदस्यको रिपोर्ट नेगेटिभ आएको हो । उज्वेकिस्तान पुगेपछि नेपाली टिमको पीसीआर गरिएको थियो। र, बुधबार आएको रिपोर्ट नेगेटिभ आएको हो।रिपोर्ट नेगेटिभ आएपछि अब नेपाली टिमले प्रशिक्षण थाल्ने छन् ।

उज्वेकिस्तानको जेएआर स्टेडियममा हुने छनोटमा नेपाल समूह 'एफ' मा रहेको छ। नेपालको समूहमा फिलिपिन्स र हङकङ रहेको छ ।नेपालले फिलिपिन्ससँग खेल्दै छनोटको सुरुवात गर्नेछ । नेपाल र फिलिपिन्सबीचको खेल सेप्टेम्बर १८ (असोज २) मा हुनेछ । यस्तै नेपालले दोस्रो खेलमा हङकङको सामना गर्नेछ । उक्त खेल सेप्टेम्बर २१ (असोज ५) मा हुनेछ ।

यस समूहको फिलिपिन्स र हङकङबीचको खेल सेप्टेम्बर २४ (असोज ८) मा हुनेछ । समूहको शीर्ष टोलीले अर्को वर्ष भारतमा हुने एसियन कप खेल्नेछ ।एसियन कप जनवरी २० देखि फेबरी ६ सम्म हुनेछ ।



असोज २ गते फिलिपिन्स बिरुद्ध खेल खेल्न ताजेकिस्तान पुगेका नेपाली महिला फुटबल टिम बिदेशी भुमि ताजेकिस्तानको खेलमैदान बुधबार नियमित खेल अभ्यासमा । तस्बिर - अनलाईन










माझखर्क सामाजिकको एक प्रकाशन मुलुकी दैनिक
प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय- त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः- ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट